annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक १०८ पृष्ठ १२+४ | काठमाडौं, शुक्रबार ३० साउन २०८२ | भाद्र कृष्णपक्ष षष्ठी नेपाल संवत् ११४५ | FRIDAY, AUGUST 15, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०




हमासको अपहरणमा परेका विभिन्न देशका नागरिक। रातो घेराभित्र विपिन जोशी। ● गोपिकृष्ण ढुंगाना

कभर स्टोरी

# इजरायलमा नेपाली : मनमा डर छ, तर कमाइको भर छ

नेपाली इजरायल पुगेका छन्। गाजा क्षेत्रमा भइरहेको बमबारुदका खबरले भने नेपालमा बस्ने जो कोहीको आङ सिरिङ हुने गर्छ। तर, इजरायलमा रहेर काम गरिरहेकाहरू भने आफूहरू त्यस्तो जोखिममा नरहेको बताउँछन्। आइरन डोम प्रणाली प्रयोग गरेर इजरायलले मिसायलसमेतलाई आकाशमै ध्वस्त बनाउँदै नागरिकको सुरक्षा गर्दै आएको छ। त्रासका कारण मनमा डर रहे पनि भरपर्दो कमाइ भएकाले नेपाली इजरायलमै बसेर कमाउन चाहन्छन्।

गोपीकृष्ण ढुंगाना | *इजरायलबाट फर्केर*

– को रिपोर्ट

समाचार पृष्ठ २

## बाजुरामा बाढी, २४ घरमा पूर्ण क्षति



**पदमबहादुर सिंह** | *बाजुरा*

अबिरल वर्षापछि आएको आकस्मिक बाढीले बाजुराको सर्वाधिक विकट बिच्छ्या र कुवाडी क्षेत्रमा ठूलो भौतिक क्षति पुर्‍याएको छ। बुधबार दिउँसो हिमाली गाउँपालिका-१ को बिच्छ्या खोलामा आएको बाढीले बिच्छ्यामा १३ र वडा नम्बर ५ कुवाडीमा ११ घर पूर्णरूपमा क्षति गरेको छ। जिल्ला प्रहरी कार्यालय बाजुराका अनुसार बाढीका कारण सयौं घर र विभिन्न सरकारी संरचनाहरू उच्च जोखिममा छन्। केही घर बगाएका छन् भने केही पुरिएका छन् तर मानवीय क्षति भने भएको छैन।

हिमाली गाउँपालिका-१ बिच्छ्याका नरेन्द्रबहादुर थापा, छन्चलाल थापा, धनसिंह थापा, सब्बले थापा, लालबहादुर थापा, सुजलाल थापा, गोवतल थापा, आइसिंह बोहरा, भिमराज बोहरा, चन्दलाल बोहरा, मनी बुढा, रबिलाल बोहरा, वीरसिंह बोहरा, धनरूप बोहरा, प्रबल बोहाराका घर पूणरुपमा क्षति भएको जिल्ला प्रहरी कार्यालय बाजुराका सूचना अधिकारी देवबहादुर चौधरीले बताए।

यस्तै, सुजलाल थापा, धनसिंह थापा, जबैलाल थापा, धनबहादुर थापा, चन्द्रपती थापा, धर्मलाल थापा, बलभन्द्र थापा, उने थापा, लालसिंह बोहरा, डिलबहादुर थापा, हरिलाल थापा, भउरलाल रोकाया, चन्द्रमान बोहरा, रत्नपति थापा, गोवनल थापा, धर्मजीत थापा, लक्ष्मण थापाको ढुंगा-माटोले बनेका घर, पसलहरू जोखिममा छन्। खेतियोग्य जमिन बाढीले पूर्ण रूपमा बगाएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी चौधरीले जानकारी दिए। यसैगरी बाढीले हिमाली गाउँपालिका-१ वडा कार्यालय भवन, बिच्छ्या माध्यमिक विद्यालय, बिच्छ्या स्वास्थ्य चौकी, बिच्छ्या खोला झोलुंगे पुल तथा नानीखोला जलविद्युत्समेत उच्च जोखिममा पारेको छ।

» बाँकी पृष्ठ ६

# २१.६३ अर्बको प्रसारणलाइन : एमसीसीको नयाँ बोहोनी

**सुनिता कार्की** | *काठमाडौं*

अमेरिकी अनुदानमा सञ्चालित मिलेनियम च्यालेञ्ज कर्पोरेसन (एमसीसी) नेपाल कम्प्याक्टले रोकिएको करिब १ वर्षपछि प्रसारणलाइनको पुनः ठेक्का लगाएको छ। चार प्याकेजमा बाँडिएको प्रसारणलाइनको दुई प्याकेजको ठेक्का लागेको हो। ठेक्का लाग्न बाँकी २९७ किलोमिटरमध्ये १८० किलोमिटर प्रसारणलाइनका लागि ठेक्का लागेको हो।

ठेक्काको अवधी ४२ महिनाको छ। तर, आयोजनालाई तोकिएको ५ वर्षको बाँकी समय भने ३६ महिना (३ वर्ष)मात्रै छ। अझै ११७ किलोमिटर प्रसारणलाइनको ठेक्का लाग्न बाँकी छ। आयोजनाको सडक स्तरोन्नतिको काम भने सुरु भएको छैन। तोकिएको समयमा नै आयोजना सकिने गरी काम गरिने एमसिए नेपालका कार्यकारी निर्देशक खड्ग विष्टले बताए।

लप्सीफेदी-रातमाटे-न्यू हेटौंडा ४ सय केभिलाइनको ठेक्का लाग्ने अन्तिम चरणमा पुगेको बताउँदै विष्टले आगामी २ सातामा उक्त प्रसारणलाइनको ठेक्का सम्झौता हुने बताए। सबस्टेसनको ठेक्का भने लागि सकेको छ। एमसीसीको सहयोगअन्तर्गत नुवाकोटको रातमाटे, बुटवल र दमौलीमा ४ सय केभी क्षमताका तीनवटा सबस्टेसन निर्माण हुँदैछन्। यी ठेक्का निर्माणका लागि पहिलोपटक २०७९ मंसिर १२ मा टेन्डर निकालिएको थियो। उक्त प्रस्तावमा गरेको न्यूनतम वित्तीय प्रस्ताव अनुमानित लागतभन्दा ६६ प्रतिशत महँगो भएपछि ०८० असोज २६ मा ठेक्का प्रक्रिया नै रद्द गरिएको थियो। त्यसपछि यसको डिजाइन परिवर्तन गरेर लागत घटाइ ०८१ मंसिर १२ गतेदेखि माघ १७ गतेसम्मको नयाँ ठेक्का आह्वान गरेको थियो।

एमसिए-नेपालले बुटवल-गोरखपुर प्रसारण लाइनअन्तर्गत नेपालमा पर्ने १८ किमि प्रसारणलाइन निर्माणका लागि १२३.६० लाख अमेरिकी डलरको सम्झौता ट्रान्सरेल लाइटिङ लिमिटेडसँग २०८१ साल भदौ १४ गते गरिसकेको छ। उक्त प्रसारण लाइन २१ महिनाको अवधिमा निर्माण गरिनेछ।

यता, एमसिए-नेपालले प्रतिस्पर्धात्मक अन्तर्राष्ट्रिय बोलपत्र प्रक्रियाबाट रातमाटे-नयाँ दमौली प्रसारण लाइनको निर्माण सम्झौता एञ्जेलिक-स्किपर संयुक्त उपक्रम (जेभि) र नयाँ दमौली-नयाँ बुटवल प्रसारण लाइन निर्माण सम्झौता वाइबा-सलासर संयुक्त उपक्रम (जेभी)सँग गरेको छ। एमसिए-नेपालका कार्यकारी निर्देशक बिष्ट र दुई कम्पनीका प्रतिनिधिहरूले सम्झौतामा हस्ताक्षर गरे। सम्झौताअनुसार आगामी ४२ महिनामा प्रसारणलाइन निर्माण सम्पन्न गर्नुपर्ने छ। उक्त दुवै ठेक्काको संयुक्त लागत १५.४५ करोड अमेरिकी डलर रहेको छ। यी सम्झौताअन्तर्गत १८० किमि लामो ४०० केभी प्रसारण लाइनहरूको डिजाइन, स्थापना, परीक्षण र सञ्चालनलगायतका काम गरिने आयोजनाले जनाएको छ।

डोनाल्ड ट्रम्प अमेरिकाको राष्ट्रपतिमा पुनः निर्वाचित भएपछि अनुदान कार्यक्रम रोक्ने निर्णयसँगै एमसीसीका कार्यक्रम नेपालमा ओझेलमा परेका थिए। अमेरिका सरकारबाट वैदेशिक सहायता समीक्षा सफलतापूर्वक सम्पन्न पछि नयाँ ऊर्जा र दुवै सरकारको साझा प्रतिबद्धताका साथ एमसीसी नेपाल कम्प्याक्ट पुनः सक्रिय भएको छ।

हस्ताक्षर कार्यक्रममा एमसीसीका कार्यवाहक उपाध्यक्ष जोन बिंगलले यी सम्झौतामा हस्ताक्षरसँगै एमसीसीले पारस्परिक प्राथमिकता र नेपालको विकास लक्ष्यहरूमा अमेरिकाको सहयोगलाई पुनःपुष्टि गरेको बताए। 'नेपालमा बिजुलीको उपलब्धता र विश्वसनीयतामा सुधार गर्नुका साथै क्षेत्रीय विद्युत् व्यापार र अन्तरआवद्धता अभिवृद्धि गर्न नेपाली समकक्षीहरूसँग मिलेर काम गर्न पाउँदा हामी गौरवान्वित भएका छौं,' उनले भने।

» बाँकी पृष्ठ ६

## सुडानमा हैजाको प्रकोप, सातामै ४० को मृत्यु

**सुडान** (एजेन्सी): सुडानको दार्फुर क्षेत्रमा फैलिएको हैजा महामारीका कारण पछिल्लो एक सातामै कम्तीमा ४० जनाको ज्यान गएको छ। डाक्टर बिना सीमा (एमएसएफ) का अनुसार, पछिल्ला केही वर्षयताकै यो सबैभन्दा गम्भीर हैजा प्रकोप हो। एमएसएफले जनाएको अनुसार, युद्धग्रस्त दार्फुर क्षेत्र महामारीबाट सबैभन्दा बढी प्रभावित भएको छ। त्यहाँका स्वास्थ्यकर्मीहरूले सात दिनको अवधिमा मात्रै २ हजार ३ सयभन्दा बढी बिरामीको उपचार गरेका छन्।

गत वर्षदेखि साउन २७ सम्म, देशभर हैजाका ९९ हजारभन्दा बढी शंकास्पद बिरामी दर्ता भएका छन्, जसमध्ये २ हजार ४ सय ७० जनाले ज्यान गुमाइसकेका छन्।

हैजा प्रदूषित खानेपानीमार्फत सर्ने रोग हो, जसमा अचानक पखाला र अत्यधिक कमजोरी देखिन्छ। समयमै उपचार नपाए केही घण्टामै ज्यान जाने खतरा रहन्छ। यद्यपि, यो रोग नुनपानी घोल र औषधिको सहायताले सजिलै नियन्त्रणमा ल्याउन सकिन्छ। तर, सुडानमा जारी द्वन्द्वका कारण लाखौं मानिस विस्थापित भएका छन्, जसले शुद्ध खानेपानी र स्वास्थ्य सेवा पहुँचबाट वञ्चित भएकाले रोग फैलन सजिलो भएको एमएसएफले जनाएको छ।

# ट्रम्प–पुटिन वार्ता, अलास्कामै किन ?

**रामकला खड्का** | *काठमाडौं*

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र रूसी राष्ट्रपति भ्लादिमिर पुटिनबीचको बहुप्रतिक्षित शिखर वार्ता शुक्रबार हुँदैछ। अमेरिकी राज्य अलास्काको याङ्करेजमा हुने शिखर सम्मेलनमा दुई राष्ट्रपतिले युक्रेनमा मस्कोको तीन वर्षे लामो युद्ध अन्त्य गर्ने विषयमा वार्ता गर्दै छन्।

रूस अमेरिका वार्ताको पूर्वसन्ध्यामा रूसी राष्ट्रपति भ्लादिमिर पुटिन निकै सकारात्मक देखिए। ट्रम्पको शान्तिपूर्ण समाधानको प्रयासको प्रशंसा गर्दै युक्रेनमा शान्तिका लागि धेरै ऊर्जावान र इमान्दार प्रयास गरिरहेको बताए। तर, उनले युक्रेनी भूभागमा आफ्नो दाबीबाट पछि नहट्ने संकेत भने गरेका छन्।

ट्रम्पले भने विश्वव्यापी शान्ति निर्माताको रूपमा काम गर्ने आफ्नो इच्छालाई दर्शाएका छन्। वार्तामा यी दुई नेताहरूबीच भूमि आदानप्रदानको प्रस्तावबारे चर्चा हुने अपेक्षा गरिएको छ। जसमा रूसद्वारा कब्जा गरिएको केही भूभाग कायम राख्ने र बाँकी युक्रेनलाई फिर्ता दिने सम्भावना छ।

पुटिन लुहान्स्क, डोनेट्स्क, जापोरिजिया, खेरसन र क्रिमियामाथि पूर्ण नियन्त्रण चाहन्छन्। युक्रेनी राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले भने कुनै पनि भूभाग रूसलाई सुम्पने सम्झौता अस्वीकार गरेका छन्। रूसले केही युक्रेनी भूभागमा नियन्त्रण कायम राख्ने सम्झौतालाई ट्रम्पले पनि समर्थन गर्न सक्ने अनुमान लगाइएको छ। गत मंगलबार ह्वाइट हाउसमा आयोजित पत्रकार सम्मेलनमा ट्रम्पले उक्त संकेत गरेका थिए। उनले भने, 'रूसले युक्रेनको ठूलो भाग कब्जा गरिसकेको छ। उनीहरूले प्रमुख क्षेत्र कब्जा गरेका छन्। हामी त्यो क्षेत्रको केही भाग युक्रेनलाई फिर्ता ल्याउने प्रयास गर्ने छौं।'



ट्रम्पले पुटिनलाई शुक्रबारको वार्तामा युद्धविराममा सहमत हुन माग गरेका छन्। यदि पुटिन सहमत नभएमा उनले धेरै गम्भीर परिणाम भोग्नुपर्ने धम्कीसमेत ट्रम्पले दिएका छन्। वार्ता सफल भएमा पुटिन र युक्रेनी राष्ट्रपति भोलोडिमिर जेलेन्स्की बीचको बैठक चाँडै बोलाइने ट्रम्पले जनाएका छन्। युक्रेनी भूभागको करिब पाँच भागको एक भाग ११४,५०० वर्ग किलोमिटर (४४,६०० वर्ग माइल) रूसले ओगटेको छ। तर शुक्रबारको वार्तामा किभले सहमति जनाएमा लुहान्स्क र डोनेट्स्कका केही भूभागबाट रूसले आफ्ना सेना फिर्ता बोलाउन सक्ने देखिएको छ। हालैका दिनहरूमा भइरहेका युद्ध बढी जसो यिनै क्षेत्रमा केन्द्रित छन्।

दुई नेताबीचको भेटवार्तापछि संयुक्त पत्रकार सम्मेलन आयोजना हुनेछ। सम्मेलनमा ट्रम्प सहभागी हुने ह्वाइट हाउसले बिहीबार पुष्टि गरेको छ। क्रेमलिनले पहिले नै घोषणा गरेको पत्रकार सम्मेलनको बारेमा ह्वाइट हाउसका प्रेस सचिव क्यारोलिन लेभिटले भनिन्, 'भेटपछि पत्रकार सम्मेलन गर्ने योजना छ। सम्मेलनमा पत्रकारहरूले दुवै राष्ट्रपतिहरूलाई प्रश्न सोध्न सक्नेछन्।' अलास्का शिखर सम्मेलनअघि युक्रेनी राष्ट्रपति जेलेन्स्कीले बिहीबार लन्डनमा बेलायती प्रधानमन्त्री केयर स्टारमरसँग भेट गरेका छन्। भेटपछि जारी विज्ञप्तिमा वार्ताले युक्रेन युद्धको अन्त्य गर्ने अपेक्षा गर्दै यसलाई प्रगति गर्ने सम्भावित अवसरको रुपमा लिइएको जनाइएको छ। युरोपेली मुलुकका अन्य नेताहरू पनि यस वार्ताप्रति निकै आशावादी रहेका छन्।

**वार्ताका लागि यसकारण रोजियो अलास्का**

शिखर सम्मेलनका लागि अलास्का छनोट गर्नु कुनै संयोग मात्र होइन। पश्चिमी अमेरिकी राज्य अलास्काको रूससँग घनिष्ठ भौगोलिक र सांस्कृतिक सम्बन्ध छ। १८ औं शताब्दीदेखि रूसी उपनिवेश रहेको अलास्कालाई सन् १८६७ मा जार अलेक्ज्यान्डर द्वितीयले संयुक्त राज्य अमेरिकालाई ७.२ मिलियन डलरमा बेचेका थिए। यसरी अलास्का यी दुई देशहरूको जोडिएको इतिहासको प्रतीक बनेको छ। यद्यपि सन् २०२२ मा रूसले युक्रेनमा आक्रमण सुरु गरेदेखि दुवैको सम्बन्ध गम्भीर मोडमा पुगेको छ।

रूसी राष्ट्रपति पुटिनलाई सन् २०२३ मा अन्तर्राष्ट्रिय फौजदारी अदालत (आईसीसी)द्वारा युद्ध अपराधको अभियोग लगाइयो। उनलाई १२५ देशहरूमा पक्राउ पर्न सकिन्छ। आईसीसीले वारेन्ट दिएपछि पुटिन विश्वभरका धेरैजसो राष्ट्रहरूमा यात्रा गर्न सक्दैनन्। तर, संयुक्त राज्य अमेरिकाले आईसीसीको क्षेत्राधिकारलाई मान्यता दिँदैन। यसको गर्दा अलास्का पुटिनका लागि कानुनी ढाल बन्दै उनलाई जोखिमबाट बचाउँछ।

यसअघि, अमेरिकाले इजरायली प्रधानमन्त्री बेन्जामिन नेत्येन्याहुसँगको भेट पनि यहीं आयोजना गरेको थियो। नेत्येन्याहुलाई पनि युद्ध अपराधका लागि आईसीसीले वारेन्ट जारी गरेको छ।